# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश, नेपाल


**प.सं: ०७८/०७९**
**च.नं:** ४८०६

**मिति: २०७८/१२/१५**

**विषय:** आवश्यक कार्यार्थ ।

**श्री: वडा कार्यालयहरू सबै (१ देखी १६ सम्म)**
**बर्दघाट नगरपालिका**

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २६५ मिति: २०७८/१२/११ को सरकारी/सार्वजनिक जग्गाको अभिलेख राखी संरक्षण गर्ने सम्बन्धमा बारेको प्राप्त पत्र यसै साथ संलग्न राखि पठाईएको छ ।
व्यहोरा सोही पत्रबाट अवगत गरी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा अनुरोध छ ।

...............................
(मेघनाथ पाध्या)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सूचना तथा प्रविधि शाखा)

प.सं. ०७८/७९
च.नं. २६४

मिति २०७८ चैत्र ११ गते

विषयः सरकारी/सार्वजनिक जग्गाको अभिलेख राखी संरक्षण गर्ने सम्बन्धमा ।

श्री स्थानीय तहहरु - सबै ।

प्रस्तुत विषयमा सरकारी एवम् सार्वजनिक प्रकृतिका जग्गाहरुको विनाइजाजत प्लटिङ गर्ने, नयाँ नक्शाङ्कनमा घुसाउने, दर्ता गर्ने नक्शामा ओभरल्यापिङ गर्ने, अनाधिकृत जग्गा हडप्ने जस्ता कानून विपरित सरकारी सम्पत्तिको रुपमा रहेको जग्गाहरु हिनामिना समेत कार्यहरु गरेको उजुरीहरुको विषय सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७८।१२।८ च.नं. DIV2-26255 को पत्रवाट प्राप्त आयोगको मिति २०७८।११।२३ को निर्णय यसै साथ संलग्न रहेको छ । जिल्ला प्रशासन कार्यालय, नापी र मालपोत कार्यालयसँग समन्वय तथा सहकार्य गरी आफ्नो क्षेत्रमा रहेका सरकारी, सार्वजनिक एवम् सामुदायिक जग्गाको कित्ता नं., क्षेत्रफल तथा अवस्था समेतको विवरण तयार गरी लगत कायम गर्न र यस्तो लगत सहितको विवरणलाई आफ्नो वेवसाइटमा समेत प्रकाशन गर्न एवम् उक्त जग्गा जमिनलाई अतिक्रमण तथा हिनामिना हुन नदिने व्यवस्था मिलाउनु हुन श्रीमान् सचिवस्तरको मिति २०७८।१२।१० को निर्णयानुसार अनुरोध छ ।

शेखर निधि पौड्याल
शाखा अधिकृत

<u>बोधार्थः</u>
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टङ्गाल, काठमाडौं ।

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

## मिति २०७८।११।२३ को बैठकको निर्णय उतार

**निर्णय संख्या : ५३२**

पछिल्लो बर्षहरुमा **जग्गा (नापजाँच) ऐन, २०१९** को दफा २ को खण्ड (ङ),च, (च१), **भूमिसम्बन्धी ऐन, २०२१** को दफा १०, **मुलुकी देवानी (सहिता) २०७४,** को परिच्छेद ५ बमोजिम, **मालपोत ऐन, २०३४** को दफा २(ख२), (ख३) र **वन सम्बन्धी ऐन, २०७६** को दफा २(त) बमोजिम तथा **गुठी संस्थान ऐन, २०३३** को दफा २(ग), (घ), (ङ) बमोजिम एवम् **पशुपति क्षेत्र विकास कोष ऐन, २०४४** को दफा १६ बमोजिमको जग्गा लगायत नेपाल सरकारको कार्यालय, विभाग, मन्त्रालय, सार्वजनिक संस्थान, कम्पनी लगायत नेपाल सरकारले स्थापना गरेका विभिन्न कम्पनी, प्रतिष्ठान विश्वविद्यालय, विद्यालय, सरकारी संस्थान एवम सरकारी कम्पनीको नाममा रहेको वा अधिनस्थ रहेको जग्गाहरुमा विशेष गरी बढ्दो शहरीकरणले जग्गाको बजार मूल्यसमेत बढिरहेको परिप्रेक्ष्यमा जग्गा अनाधिकृत कब्जा गरी दर्ता र अतिक्रमण गरी भोग लगायतको विषयमा नियमित रुपमा धेरै उजुरी आई छानविन भइरहेको छ ।

यसरी सरकारी एवं सार्वजनिक प्रकृतिको त्यस्तो जग्गा अनाधिकृत व्यक्ति, समुह लगायतका व्यक्तिहरुबाट सरकारी वा सार्वजनिक अधिकारीहरुलाई प्रभावमा पारी कतै सुकुम्बासीको नाममा भोगाधिकार, जग्गा दर्ता हुने गरेको उक्त उजुरीमा उल्लेख हुने गरेका छन्।

जिल्लास्थित सम्वन्धित सरकारी सार्वजनिक निकायहरू जसको नाममा जग्गाधनी दर्ता प्रमाणपुर्जा छ वा जग्गाको भोग छ सो जग्गाको संरक्षण तत्-तत् निकायले समेत गरी अभिलेख व्यवस्थापन गर्ने कर्तव्यसमेत सम्वन्धित कार्यालयको हो । त्यसैगरी **स्थानीय प्रशासन ऐन, २०२८** को दफा ५ उपदफा २ को ५(ग) बमोजिम जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख सम्भार तथा मर्मत गर्ने गराउने काम कर्तव्य र अधिकार प्रमुख जिल्ला अधिकारीलाई तोकिएको देखिन्छ ।

तसर्थ त्यस्ता किसिमका जग्गाहरुको संरक्षण गर्न **पालिकास्तरको एवम् जिल्ला एवम निकायगत अभिलेख दुरुस्त राखी हिनामिना नहुने व्यवस्था मिलाउन** आवश्यक नीति नियम, कानून एवम् कार्यान्वयन गर्न गराउन हुन अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) खण्ड (ख) र (ग) बमोजिम देहायका निकायहरुलाई सुझाव लेखी पठाउने।